जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३९ | अंक ३२ | २०७७ साल फागुन २३ गते आइतवार (7 Mar 2021 Sunday) | मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा** : निर्माणदेखि सेवा ... **पृष्ठ ३ मा** : उपचार खर्च जुटाउन ... **पृष्ठ ५ मा** : डाका र जालसाज मुद्दामा ... **पृष्ठ ५ मा** : चीनले अरब लिगलाई ...

# राष्ट्रिय महिला एवं पुरुष भारोत्तोलन प्रतियोगिताको सम्पूर्ण तयारी पुरा



**राजविराज**/राजविराजमा हुने प्रथम देवसन्दर स्मृति कप राष्ट्रिय महिला एवं पुरुष भारोत्तोलन प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको छ।

यही फागुन २९ गतेदेखि हुने उक्त प्रतियोगिताको तयारी बारे शनिबार भारोत्तोलन संघ सप्तरीले पत्रकार सम्मेलनको आयोजना गरी सो जानकारी दिएको हो।

भारोत्तोलन संघ सप्तरीका अध्यक्ष महेश प्रसाद यादवले प्रतियोगितामा सात वटै प्रदेशका साथै, सेना, सशस्त्र र नेपाल प्रहरीका तीनवटै विभागिय टिमको सहभागिता रहने जानकारी दिए।

कुल १ सय २५ खेलाडी सहभागी रहने प्रतियोगितामा महिला खेलाडीको संख्या ४० देखि ५० सम्म रहने उनले बताए।

प्रतियोगितामा विभिन्न तौल समुहमा महिला र पुरुष तर्फ ३५/३५ खेलमा प्रतिस्पर्धा हुनेछन्। यस्तै प्रतियोगिताको प्रदेश २ का समाजिक विकास मन्त्री नवल किशोर साहले उद्घाटन गर्ने तय भएको संघका सचिव गोपाल गुप्ताले जानकारी दिएका छन्।

*बाँकी पाँच पृष्ठमा*

# आइएमई संचालक सम्पर्कबिहीन भएपछि पीडितहरु बिचल्लीमा







**राजविराज**/विदेशमा आफन्तले कमाएर पठाएको विभिन्न व्यक्तिको करोडौ रुपैया लिएर आइएमई संचालक सम्पर्कबिहीन भएपछि अहिले पीडितहरु बिचल्लीमा परेका छन्।

राजविराज ७ स्थित गजेन्द्र चौकमा कपडा पसलका साथै आइएमइको शाखा समेत संचालन गर्दै आएका सुनिल सिन्धी र उनका दाई संजय सिन्धी एक सातादेखी करोडौं रकम लिएर सम्पर्कबिहीन भएका छन्।

यता आइएमई संचालक दाजुभाई सम्पर्क बिहीन भएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिनेहरुको ओइरो लागेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं डिएसपी भुवनेश्वर साहका अनुसार बिहीबारसम्ममा १६ जनाले सिन्धी दाजुभाई बिरुद्ध झण्डै ७६ लाख रुँपैया लिएर भागेको भन्दै ठाडो उजुरी दिएका छन्।

उक्त उजुरी उपर छानबिन तथा फरार रहेका सिन्धी दाजुभाईको खोजिकार्य जारि रहेको बताउँदै उनले सबै पीडितको संख्या यकिन गरिसकेपछि अनुसन्धानलाई अझ फराकिलो र तिव्र बनाउँदै लगिने बताए।

फरार रहेका सिन्धी दाजुभाई आफ्नो परिवारसहित नाममा

*बाँकी पाँच पृष्ठमा*

**स्वास्थ्य कार्यालय, सप्तरी**

**कोभिड १९ विरुद्धको खोप कार्य तालिका**

| सि.न. | पालिका कार्यालय | चरण र खोप दिने मिति | खोप केन्द्र |
|---|---|---|---|
| १ | छिन्नमस्ता गा.पा. | प्रथम चरण २०७७/११/२३ देखि २५ गते सम्म | आफनो वडाको स्वास्थ्य संस्थाको खोप केन्द्रमा |
| २ | राजगढ गा.पा. | | |
| ३ | डाक्नेश्वरी न.पा. | | |
| ४ | बोदेवर्साइन न.पा. | | |
| ५ | वलान विहूल गा.पा. | | |
| ६ | विष्णुपुर गा.पा. | | |
| ७ | खडक न.पा. | | |
| ८ | सुरुगां न.पा. | | |
| ९ | शम्भूनाथ न.पा. | | |
| १० | रुपनी गा.पा. | दोश्रो चरण २०७७/११/२८ देखि ३० गते सम्म | आफनो वडाको स्वास्थ्य संस्थाको खोप केन्द्रमा |
| ११ | अग्नीसाईर कृष्णासवरन गा.पा. | | |
| १२ | कन्चनरुप न.पा. | | |
| १३ | सप्तकोशी न.पा. | | |
| १४ | हनुमाननगर कंकालिनी न.पा. | | |
| १५ | माहादेवा गा.पा. | | |
| १६ | तिरहुत गा.पा. | | |
| १७ | तिलाठी कोइलाडी गा.पा. | | |
| १८ | राजविराज न.पा. | | |

लक्षित समूह :

१) दोश्रो प्राथमिकताको (५५ वर्ष माथि उमेर समुह लाई।
२) महाविद्यालय तथा विद्यालयका प्रध्यापक,शिक्षक तथा कर्मचारीहरु।
३) सार्वजनिक यातायातका चालक तथा सहचालकहरु।
४) जोखिम तथा अग्रपक्तिंकामा रहेका(दर्ता भएका औषधि पसलमा कार्यरत र प्रयोग शालामा काम गर्ने कर्मचारी तथा सरसफाईकर्मीहरु।
५) प्रथम र दोश्रो चरणमा छुटभएकाहरु।

दुनिया लाल यादव
नि.कार्यालय प्रमुख




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# यूवालाई प्रेरित गरौं

यूवा जनशक्ति यस्तो शक्ति हो जसले चाहेमा कुनै पनि असम्भव काम सम्भव हुनजान्छ। टोल, समाज, गाउँ, नगर वा राष्ट्र निर्माणको विकासमा यूवा जनशक्तिलाई परिचालन गर्न सकिए त्यो फलदायी हुनजान्छ। विकास भन्ने वित्तिकै भौतिक संरचनालाई मात्र नसम्झि त्यस बाहेक अन्य कामलाई सम्झनु पर्दछ। जनचेतना, जनजागरण, शिक्षा लगायतका कार्यमा यूवालाई परिचालन गर्न सकेमा त्यसको शतप्रतिशत नतिजा आउने कुरामा विश्वास गर्न सकिन्छ।

सामाजमा कुनै पनि परिवर्तनका लागि यूवाहरु शक्ति नै अहिलेको उत्तम विकल्प हो। उनीहरुको जोश, जागर र महिनेतले सामाजलाई परिवर्तन गर्न सक्ने ताकत छ। तर, अहिले यूवाहरुलाई राजनैतिक दलहरुले आफ्नो स्वार्थपूर्तीका लागि आन्दोलनमा प्रयोग गर्ने गरेको पाइन्छ।

यूवा जनशक्तिलाई उचित प्रशिक्षण दिएर कुनै सीपमुलक कार्यमा लगाउन सकिए समाज परिवर्तनको सम्वाहक हुनसक्छन्। तसर्थ यूवाहरु परिवर्तनको एउटा सम्भावक रहेकाले उनीहरुको योग्यता, दक्षता अनुसार काम दिलाउनेप्रति राज्य गम्भिर हुनु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# निर्माणदेखि सेवा सुदृढीकरणसम्म



**केवलसिंह भुल**

विगत एक वर्षदेखि विश्व नै कोभिड-१९ महामारीसँग जुधिरहेको छ। महामारी रोकथाम र व्यवस्थापनको लडाई चलिरहँदा नेपाल लगायत विश्वभरि नै नयाँनयाँ छलफल र बहस भइरहेका छन्। महामारीपछि नेपालमा स्वास्थ्य संरचना, प्रविधि, जनशक्ति, दरबन्दी निर्माण र परिपूर्ति जस्ता कुराहरु सरोकारवालाको चासो र चिन्ताको विषय बनेका छन्।

विश्वका धेरै मुलुकमा कोरोना महामारीको भोगाइ र अनुभव पछि आ-आफ्नो स्वास्थ्य प्रणालीलाई पुनः-सुदृढीकरण कसरी गर्ने, वर्तमानकै पद्धतिले भविष्यमा आउने चुनौती, अहिलेकै तयारीले दिगो विकास लक्ष्य हासिल गर्न सकिन्छ/सकिँदैन भन्ने विषयमा बहस भइरहेका छन्।

अन्य मुलुकमा जस्तै नेपालमा पनि प्रभावकारी नीति, योजना र कार्यक्रम बन्नु र कार्यान्वयन हुनुपर्ने कुरामा कसैको दुई मत हुन सक्दैन। सरकारले बनाउने नयाँ नीति तथा कार्यक्रम होस् वा महामारीसँग जुध्दाको चुनौतीका विषयमा स्वास्थ्य क्षेत्रका जानकार, चिकित्सा क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कार्यरत विभिन्न स्वास्थ्य पेसाकर्मीले आफ्नो अनुभव, ज्ञान र सिपको आधारमा राय-सुझाव र मार्गदर्शन दिइरहेका छन्।

कोरोना विपत्तिपछि त स्वास्थ्य क्षेत्रमा आबद्ध पेसाकर्मी मात्रै नभएर गैरस्वास्थ्यसँग सम्बन्धित व्यक्ति तथा नीति निर्माता र योजनाविद् अनि राजनीतिक नेतृत्वको पनि चासो र प्राथमिकताको विषय भएको छ, मुलुकको जनस्वास्थ्य र स्वास्थ्य प्रणाली।

स्वास्थ्यमा लगानी वृद्धिका लागि विश्व स्वास्थ्य संगठनको मान्यता अनुरुप कुल बजेटको कम्तीमा पनि १० प्रतिशत पुऱ्याउनुपर्ने विषयमा बहस सुरु भएको छ। यस्तै स्वास्थ्यका नीति तथा कार्यक्रमको उपलब्धि, औचित्य र हासिल गरिएका प्रगतिको सुनिश्चितता, स्वास्थ नीति २०७६ कार्यान्वयन, स्वास्थ्य सरचना तथा जनशक्ति व्यवस्थापनबारे छलफल भइरहेका छन्।

त्यसैगरी स्वास्थ्य संरचना विकास, लागानी वृद्धि, स्वास्थ्यमा हासिल भएका उपलब्धिलाई यथावत् राख्न गर्नुपर्ने तयारी, स्वास्थ्य संस्था स्थापना, स्वास्थ्य उपकरण जस्ता कुरामा पनि घनीभूत बहस भइरहेको अवस्था छ। यसलाई स्वागतयोग्य कदम मान्नुपर्छ।

कम्तीमा पनि हिजो उपेक्षा गरिएका क्षेत्रमा स्वास्थ्यदेखि गैरस्वास्थ्य क्षेत्रका सबै पेसाकर्मी र विज्ञले प्राथमिकता दिएर छलफल गर्दैछन्। अब स्वास्थ्यमा वैज्ञानिक लगानी र परिवर्तनको छलफल चल्दैछ। कतिपयले यो महामारीले दिएको चुनौती एउटा अवसर भएर आएको भनेर व्याख्या गरिरहेका छन्।

यसरी मुलुकभरि स्वास्थ्य प्रणालीलाई सुधार, रुपान्तरण र विकसित तुल्याउन बहस र तयारी हुनु सुखद अवसर पनि हो। यही बेला हो, स्वास्थ्य प्रणालीलाई सकारात्मक परिवर्तनको बाटोमा लिएर जाने, स्वास्थ्य क्षेत्रका विकृति र विसंगतिको अन्त्य गर्ने र देशको स्वास्थ्य प्रणालीलाई प्रभावकारी, गतिशील र प्रगतिशील बनाउँदै लैजाने।

तर, यति कुरा गरेर र कार्यक्रम ल्याएर मात्रै हाम्रो हेल्थ सिस्टममा सोचे जस्तो प्रगति र विकास हुँदैन। केही कुरा समेटिन र प्राथमिकता दिनपर्ने, केही गम्भीर भएर बहस गर्नुपर्ने मुद्दाहरु बाँकी नै छन्। अझै त्यस्ता कारण छन्, जसले हाम्रो देशको स्वास्थ्य प्रणालीलाई विफल तुल्याइरहेका छन्।

विगतमा स्वास्थ्यकर्मी एकजुट भएर साझा योगदानको रूपमा हासिल गरेका स्वास्थ्य उपलब्धि उल्लेख्य छन्। मातृ मृत्युदर, बाल मृत्युदर, शिशु मृत्युदर उल्लेखनीय रूपमा घटेका छन्। पोषण अवस्थामा प्रगति गर्दै पोलियो उन्मुलन, क्षयरोग, दादुरा लगायतका थुप्रै संक्रमक रोगहरुको न्यूनीकरण तथा रोकथाममा प्रगति देखिएको छ। यसलाई निकै ठूलो सफलता मान्नुपर्छ।

तर, अहिले स्वास्थ्यकर्मीमा एकता हैन विभाजित मानसिकता छ। राज्यको उपेक्षाबाट निराश छन्। स्वास्थ्यकर्मीका बीचमा पेसागत एकताभन्दा पनि कहिले चिकित्सक र जनस्वास्थ्य, कहिले स्वास्थ्य शिक्षा र जनस्वास्थ्य समूह, कहिले पारामेडिक्स र नर्सिङ त कहिले हेल्थ असिस्टेन्ट र सिअहेव तथा कहिले ऐलोपेथी र आयुर्वेद लगायत फरकफरक कित्तामा उभिएर एक अर्कोबीच आरोप-प्रत्यारोप चल्ने गरेको छ। कहिले कनिष्ठ र वरिष्ठ त कहिले क्षमता र योग्यताबारे एक अर्कोलाई नकारात्मक तरिकाले तुलना गर्न थालिएको देखिन्छ। एकले अर्कोको खेदो खन्ने, मानमर्दन गर्ने, एउटाले अर्काको अस्तित्व नै देख्न नचाहने कहिले अवस्था सिर्जना भएको छ। यो राम्रो संकेत होइन।

एकातर्फ स्वास्थ्यकर्मीका बीचमा विभाजन र द्वन्द्वका समस्या छन् भने अर्कोतिर चिकित्सक एवं स्वास्थ्यकर्मीले न्यून सेवा र तलबमा काम गरिरहनु परेको छ।

राज्यले पनि उनीहरुको योगदानको कदर गर्नुको साटो चिकित्सकीय पेसाको संवेदनशीलता नबुझी अरु प्रशासन सेवाका कर्मचारीलाई नै जस्तो व्यवहार गरिरहेको छ। सरकारले गरेका अवैज्ञानिक समायोजन नीति तथा निर्णयले आफूहरुलाई अन्याय भएको भन्दै चिकित्सक तथा स्वास्थ्यकर्मीले सरकारसमक्ष बारम्बार आफ्ना मुद्दा राख्दा पनि नसुनिदिँदा आफूलाई उपेक्षा गरिएको महसुस गरिरहेका छन्।

स्वास्थ सेवा दिने क्रममा हुने आक्रमणले आफूहरु असुरक्षित भएको र नयाँ ऐनमा भएको कानुनी व्यवस्थाले काम गर्न असजिलो भइरहेका गुनासा पनि स्वास्थ्यकर्मीले गर्दै आएका छन्।

*बाँकी पाँच पृष्ठमा*

# काँग्रेसले नेकपा दाहाल-नेपाल पक्षसँग सहकार्य गर्ने !

**राजविराज**/नेपाली काँग्रेसका महामन्त्री डा. शशांक कोइरालाले अविश्वास प्रस्तावको पक्षमा जानु पर्ने धारणा राख्दै नेकपा दाहाल-नेपाल पक्षसँग सहकार्य हुने संकेत गरेका छन्।

सप्तरीको तिलाठी गाउँपालिका १ स्थित तिलाठीमा १८ वर्षअघि आफैले शिलान्यास गरेको तृप्ति नारायण मेमोरियल इएनटी अस्पतालको नवनिर्मित भवनको शुक्रबार उद्घाटन गर्दै महामन्त्री कोइरालाले सो धारणा राखेका हुन्।

महामन्त्री कोइरालाले मुलुक अहिले अत्यन्तै अफठ्यारो अवस्थामा रहेको बेला काँग्रेस कतातिर जाने हो भन्ने कुरामा पनि अलमलमा रहेको बताए।

अविश्वास प्रस्तावमा जानु भन्दा अगाडी कसलाई प्रधानमन्त्री बनाउने बारेमा पनि निश्कर्षमा पुग्नु आवश्यक रहेको भन्दै उनले प्रधानमन्त्री बन्ने बारे पनि पहिले नै टुङ्गोमा पुग्नु उपयुक्त हुने जिकिर गरे।

उनले कम्युनिष्टहरु मिलेर बनेको नेकपा फुटेका पनि छन्, फुठेका छैनन् पनि जस्तै रहेको अवस्थामा



अविश्वास प्रस्तावको समर्थनमा जानु नै आफ्नो धारणा रहेको उल्लेख गरे।

अस्पतालका अध्यक्ष डा. अनिल झाको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरी, राष्ट्रियसभा सदस्य शेखर कुमार सिंह, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंह, वडा अध्यक्ष दिनेश्वर मिश्र, पूर्वसासंद सुरेन्द्र यादव, रन्जित कर्ण, रन्जु ठाकुर, काँग्रेस महासमिति सदस्य नागेन्द्र झा, नेपाल परिवार नियोजन संघका उपाध्यक्ष अजित मिश्र पप्पु लगायतको पनि उपस्थिति रहेको थियो।

कार्यक्रममा अस्पतालका लागि निशुल्क जग्गादान गर्ने शैलेन्द्र कुमार झा, सुगानन्द झा, रबिनाथ झालगायतकालाई प्रमुख अतिथि कोइरालाद्वारा सम्मान गरिएको थियो भने अस्पताल समितिका सदस्य मनोज मुन्धडाद्वारा स्वागत तथा महासचिव किशोर झाले अस्पतालको गतिविधी बारे जानकारी गराएका थिए।

# श्रोत नखुलेको तीन लाख रकमसहित महिला पक्राउ

**राजविराज**/श्रोत नखुलेको तीन लाख रुँपैयासहित सोमबार एक महिलालाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ। श्रोत नखुलेको १० लाख रुँपैयासहित दुई महिला पक्राउ परेको एक साता नबित्दै पुन: श्रोत नखुलेको उक्त रकमसहित एक महिला पक्राउ परेकी हुन्।

सीमावर्ती भारतीय कुनौली बजारबाट पैदलै आउँदै गरेकी सप्तरीको छिन्नमस्ता गाउँपालिका १ निवासी ५५ वर्षिया गितादेवी महतोलाई श्रोत नखुलेको तीन लाखसहित तिलाठी कोइलाडी गाउँपालिका १ स्थित खाडो खोला क्षेत्रबाट सशस्त्र प्रहरीले पक्राउ गरेको हो।

सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट तिलाठीका सशस्त्र प्रहरी सहायक निरिक्षक रामनारायण महतो नेतृत्वको टोलीले महतोमाथी शंका लागि चेकजाच गर्दा महिलाले भित्री बस्त्रमा लुकाएको तीन लाख रुँपैया बरामद गरेको जनाइएको छ।

पक्राउ परेकी महिलालाई आवश्यक कारवाहीका लागि सोमबारै बेल्हीस्थित राजविराज भन्सार कार्यालय बुझाइएको सशस्त्र प्रहरी बल नं. ६ हेडक्वाटर राजविराजका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिए।

यसअघि फागुन ११ गते पनि सोही क्षेत्रबाट श्रोत नखुलेको १० लाख रुँपैयासहित सोही गाउँपालिकाकी ३८ वर्षिया कबिता दास र २२ वर्षिया रिंकु दास पक्राउ परेकी थिइन्।

# ‘आफूलाई सुरक्षित र असुरक्षित ठान्ने ती प्रधानमन्त्रीहरू’



शिवजी श्रेष्ठ

यदि ममाथि कुनै शारीरिक हमला नै भयो वा मेरो ज्यान तलमाथि भइहाल्यो भने पनि कुनै अनौठो नमान्नु होला,’ प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार पोखराको सार्वजनिक मञ्चबाटै आफूमाथि खतरा रहेको बताए ।

प्रधानमन्त्रीको उक्त भनाईपछि सुरक्षा निकाय भित्र मात्र हैन बाहिर पनि एक किसिमको तरंग देखियो । हिजो खतरासँग खेलेका पूर्वसरकार प्रमुखलगायत पूर्वउच्च सुरक्षा अधिकारीका सुरक्षा घेरा साँघुन्याउँने निर्णय गरेका प्रधानमन्त्री स्वयं नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका करिब ३ सय सुरक्षाकर्मीको कडा चौघेराभित्र आफूलाई किन खतरा महशुस गरे होलान ?

करिब एक वर्ष अगाडिदेखि सिंहदरबार नगई बालुवाटारबाटै शासन चलाइरहेका प्रधानमन्त्रीको यो संकेत आफू वरपरका आफ्नै वर्गीय सहयोद्दाबाटै मडारिएको कालो बादलप्रति हो कि !

आजभन्दा करिब ७५ वर्ष अगाडि बि.सं. २००२ मङ्सिर १४ गते प्रधानमन्त्री भएका श्री ३ पद्म शमशेर जबराले सुरक्षा खतराकै कारण प्रधानमन्त्रीको अफिसियल निवास सिंहदरबार नसरी बालुवाटार छेउ विशालनगरस्थित आफ्नो विशालनगर दरबारबाटै शासनसत्ता चलाउने गर्थे ।

प्रधानमन्त्री आफूलाई आफ्नै रोलवाला भाइ भतिजाबाट असुरक्षित महशुस गर्थे र बेलाबखत आफू असुरक्षित रहेको भन्दै बक्ने र रून्ने गर्दथे रे ! एकदिन प्रधानमन्त्रीका हजुरिया जर्नेल कृष्ण शमशेर (शितल निवासका मालिक) जबरा समक्ष उनकै दाजुहरू मोहन शमशेर, बबर शमशेर, बहादुर शमशेर, शंकर शमशेरले भेटेर प्रधानमन्त्री पद्म शमशेरलाई पनि देब शमशेर जसरी राजीनामा दिन दवाब दिएछन् । तर हजुरिया जर्नेल कृष्ण शमशेरले उनीहरूको कुरा मानेनछन् । तब शंकर शमशेर (होटल शंकर रहेका दरबारका मालिक) ले ‘त्यसो भए गोली ठोकिदिन्छु’ भन्दै फन्किएर निस्किएछन् । त्यसपछि हजुरिया जर्नेल कृष्ण शमशेरले ऐन मौकामा प्रधानमन्त्री पद्म शमशेरलाई भनेछन्, ‘महाराज! सरकार अब दरिलो र शुरो हुनुपर्‍यो, यसप्रकार रोइबक्सनु हुँदैन, प्रधानमन्त्रीले जथाभावी बोलिबक्सनु हुँदैन, बोलेपछि सो कुरा पुर्‍याउन सक्नुपर्छ, तसर्थ बोल्दा विचार राखी बोलिबक्सनुपर्छ, मनको कुरा अरूलाई भन्नु हुँदैन, मौका पाए कसैले सरकारलाई छोड्दैन ।’

आफ्नै हजुरिया जर्नेलले सुरक्षा सतर्कताको लागि सजग गराउँदा प्रधानमन्त्रीले उल्टो आफूलाई झन् असुरक्षित महशुस गर्दै आजभन्दा ठिक ७३ वर्ष अगाडि आजकै दिन फागुन १८ गते वि स २००४ सालमा आफ्नो उच्च रक्तचापको भारतमा उपचार गराउने भन्दै डेढ करोड रूपैयाँ निकालेर भारततिर लागे ।

भारत जाने तयारीमा आफ्नो विशालनगर दरबारबाट निस्कने बेलामा उनले आफ्ना भाइ-भारदार सबैलाई उपस्थितिको उर्दी जारी गरेका थिए । प्रधानमन्त्री दरबारबाट निस्कनु अघि दरबार भित्र शंखध्वनी र रूवाबासीको आवाज एकैचोटी आउँदा सबै सतर्क भएभ०र ।

प्रधानमन्त्री पद्म शमशेर टाउकोमा रूद्राक्षको माला र छातीमा भगवान रामको फोटो फ्रेम झुण्डाएर रूदै रूदै निस्किए । पछि खुले अनुसार, उनले छातीमा भगवान रामको फोटो झुन्ड्याउनुको कारण त्यति दवाब दिँदा पनि राजीनामा नदिइकन भारत जान लागेकोमा मोहन शमशेर गुटले छातीमा गोली नहानोस् भनेर रहेछ ।

नेपाली राजनीतिको इतिहासमा हिजो माथवर सिंह थापा, फत्यजंग शाह, रणोदीप सिंह राणा, देब शमशेरको हविगत सुने-पढ्केकोले होला सायद प्रधानमन्त्री पद्म शमशेरले आफूलाई असुरक्षित महशुस गरे ।

प्रधानमन्त्री चन्द्र शमशेरले आजभन्दा ११७ वर्ष अगाडि वि.सं. १९६० सालमा अब हुने प्रधानमन्त्रीले सिंहदरबारमा बस्न पाउनेछन् भनि २ करोडमा बेचेको सिंहदरबारमा कुनै पनि प्रधानमन्त्रीले आफूलाई सुरक्षित ठानेनन् । के त्यसैको निरन्तरता अहिलेका प्रधानमन्त्रीले पनि महशुस गरेका हुन् त ? कि, पद्म शमशेरका हजुरिया जर्नेलले जसरी हालका प्रधानमन्त्रीका वरपरका हजुरियाले त्रास देखाइदिएका छन् ? नत्र त आजभन्दा २६ वर्ष अगाडि सफल गृहमन्त्रीको रूपमा आफूलाई स्थापित गरिसकेका र पटक पटक सरकारको नेतृत्व गरेका हालका शक्तिशाली प्रधानमन्त्रीले यस्तो असुरक्षित महशुस गर्नुपर्ने अवस्था कसरी आयो? यो सोचनीय कुरा हो ।

देशका सर्वेसर्वा प्रधानमन्त्रीले बोलेका अनि महशुस गरेका कुराले देशको यथार्थ अवस्थाको चित्रण गर्छ । प्रधानमन्त्रीले देखाएको आत्मविश्वासले जनता आफूलाई सुरक्षित महशुस गर्ने गर्छन् । त्यस बिपरित आत्मविश्वास कमजोर देखिँदा जनताले आफूलाई अझ असुरक्षित महशुस गर्छन् । त्यसैले देश हाक्ने कमाण्डरले देशको वा आफू भित्रको कमजोरी हम्मेसी बाहिर आउन दिँदैनन् । उहाँहरूले बुझेको हुन्छ - आफ्नो जुँगा हेरेर जनता मात्र होइन आफू पछाडिका सुरक्षा निकाय अनि समुच्च कर्मचारीको मनोबल टिकेको हुन्छ । त्यसैले कमान्डरले जस्तै परिस्थितिमा पनि आफूलाई सम्हाल्छन् ।



पद्म शमशेर राणा | मनमोहन अधिकारी | गिरिजाप्रसाद कोइराला | केपी शर्मा ओली

एउटा दृष्टान्त सम्झन्छु, विस २०५१ सालको मध्यावधि निर्वाचनको बेला तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला पूर्व क्षेत्रको चुनावी दौडाहाको क्रममा विराटनगरस्थित कोइराला निवासमा हुनुहुन्थ्यो । निवासमा उहाँको सुरक्षाको जिम्मेवारी नेपाल प्रहरीले लिएको थियो, जसको कमाण्डमा मलाई खटाईएको थियो ।

यस्तैमा एक दिन उहाँको वर्तमान प्रधानमन्त्री ओलीको निर्वाचन क्षेत्र झापाको केर्खामा चुनावी कार्यक्रम बन्यो, उसै पनि ४८ को चुनावमा एमालेले मेची अञ्चलमा पुरै सिट जितेको, त्यसमा पनि मालेको उद्गमथलो झापा त्यसबेला साच्चै नै बामपन्थीको उग्र प्रभावमा थियो ।

अहिलेका प्रधानमन्त्रीले जसरी संसद् विघटन (सर्वोच्च अदालतले सदर गरिदिएको) गरेर चुनावमा होमिएका प्रधानमन्त्री कोइरालामाथि व्यापक दवाब र सुरक्षा थ्रेट बढेको थियो । अहिलेका प्रधानमन्त्रीले जसरी रक्षामन्त्रीकोसमेत कार्यभार सम्हाल्नुभएका प्रधानमन्त्रीलाई स्थानीय शाही नेपाली सेना, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका उच्चाधिकारी समेतले कोइराला निवासको बरन्डामा भएको बैठकबाट आज प्रधानमन्त्री जान लाग्नुभएको केर्खामा उहाँमाथि सांघातिक हमलाको सम्भावना सुनिएको छ, स्थानीय सुरक्षा निकायबाट सुक्ष्म सुरक्षा थ्रेट मुल्यांकन गरेर रिपोर्ट आएको छ, त्यसैले सो कार्यक्रममा प्रधानमन्त्री जानु त्यति उपयुक्त छैन भनेर सुझाव दियो ।

त्यसपछि प्रधानमन्त्री कोइरालाले पूर्व क्षेत्रका नेपाल प्रहरीका डिआइजी गोविन्द कर्म थापालाई सम्बोधन गर्दै भन्नु भएको थियो, ‘डिआइजी सा’ब, प्रधानमन्त्री आउने भनेर पूर्व निर्धारित कार्यक्रममा कम्युनिष्टले आक्रमण गर्छ भनेर प्रधानमन्त्रीले कार्यक्रम रद्द गर्ने हो भने, कम्युनिष्टले सुरक्षा थ्रेटले गर्दा आक्रमण हुन्छ भनेर प्रधानमन्त्री आउन डरायो भनेर प्रचार गरिदिन्छन्, त्यसपछि त्यहाँका हाम्रो कार्यकर्ता अनि तपाईँको सुरक्षा निकाय र अरू कर्मचारी, त्यस्तै जनताको मनोबल कस्तो हुन्छ ?, त्यसैले जनतामा सुरक्षा व्यवस्था ठिक छ भन्ने देखाउन अनि सुरक्षा निकायलाई प्रधानमन्त्रीले भरोसा गरेको छ है भन्ने संदेश दिन पनि म जानुपर्छ र जान्छु, बरू सुरक्षा व्यबस्था कसरी मिलाउने त्यसको तयारीमा तपाईहरू लाग्नुहोस् ।’

त्यस मिटिङमा रहेको सबैभन्दा कनिष्ठ सुरक्षा अधिकारी मलाई उहाँको कुराले लामो समयसम्म झंकित गराएको थियो। यसरी निकै ठूलो सुरक्षा थ्रेट छ भन्ने थाहा हुँदाहुँदै पनि सदा झैँ उही आत्मविश्वास देखाउँदै उहाँ (कोइराला) अहिलेका प्रधानमन्त्रीका गृह क्षेत्र केर्खा लाग्नु भो, त्यतिखेर अहिलेका प्रधानमन्त्रीको सुरक्षा व्यवस्था जिम्मा लिए जसरी सेनाले अग्रसरता लिदैनथ्यो, सिवाय अंगरक्षकको रुपमा प्रधानमन्त्री सवार गाडीमा तत्कालिन शाही नेपाली सेनाका एक जना क्याप्टेन हुन्थे, बाँकी सम्पूर्ण नेपाल प्रहरीले हेर्थ्यो । उहाँ केर्खा पुग्नुभएको केही समय पछि नै खबर आयो, ‘कार्यक्रम हुँदाहुँदै एमालेका कार्यकर्ताले मञ्चमै आक्रमण गर्दा प्रधानमन्त्रीका अंगरक्षक क्याप्टेनको दाँत भाँचियो, प्रहरी र कार्यक्रममा आएका धेरै घाइते भए तर प्रधानमन्त्री सुरक्षित हुनुभयो ।

त्यसबखत प्रधानमन्त्रीको सुरक्षा व्यवस्था कस्तोसम्म थियो भने, प्रधानमन्त्रीको अंगरक्षक सेनाका क्याप्टेनको दाँत भाचिएकोले अर्को क्याप्टेनसमेत तत्काले खटाइएन । पूर्व क्षेत्र प्रहरी तालिम केन्द्र, विराटनगरमा कार्यवाहक समादेशकको रूपमा कार्यरत डिएसपी (पछि सशस्त्र प्रहरी बलको आइजीपी) दुर्ज कुमार राईलाई प्रधानमन्त्रीको बडीगार्डको रूपमा खटाइयो ।

यति हुँदा पनि प्रधानमन्त्री कोइरालाले केही नभए झैँ गरी आत्मविश्वासका साथ् अन्य पूर्व निर्धारित कार्यक्रममा सहभागिता जनाउनुभएको थियो । सरकारको नेतृत्वमा बसेकाले देखाउने आत्मविश्वासले सुरक्षा निकायको मनोबलमा निकै ठूलो प्रभाव पार्दोरहेछ ।

बाँकी चार पृष्ठमा



## 'आफूलाई सुरक्षित...

अर्को दृष्टान्त सम्झन्छु, विस २०५१ सालको मध्यावधि निर्वाचनमा नेकपा एमालेले संसदमा सबैभन्दा ठूलो दलको रूपमा मंसिरमा सरकार गठन गऱ्यो। प्रधानमन्त्रीको रूपमा मनमोहन अधिकारी माघमा पूर्व क्षेत्र आउने कार्यक्रम बन्यो। उहाँको सुरक्षा कमाण्डरको रूपमा मलाई नै खटाइयो। उहाँको पुर्ख्यौली थलो विराटनगरको एयरपोर्टमा उहाँ चढ्नु भएको प्लेन उत्रँदै गर्दा यता विराटनगर कांग्रेस कार्यकर्ताले भरिएको थियो। उहाँको विरोधमा ठाउँ ठाउँमा ठूला ठूला प्रदर्शन भइरहेका थिए। उहाँ एयरपोर्टमा ओर्लिनु भयो। सुरक्षा थ्रेटको कारण उहाँलाई केही समय एयरपोर्टको भिआइपी कक्षमा राखेर तत्कालिन परिस्थिति बारे ब्रिफिङ भयो।

जब हामी उहाँलाई गाडीमा राखेर उद्योग वाणिज्य संघ विराटनगरले राखेको सम्मान कार्यक्रमका लागि कार्यक्रमस्थलतर्फ जादै थियौं। सबैभन्दा अगाडि ट्राफिक प्रहरीको मोटरसाइकल स्कर्टङ, त्यसपछि प्रहरीको गाडी, त्यसपछि प्रधानमन्त्री चढ्नुभएको राष्ट्रिय झन्डा फरफराएको सिँचाई कार्यालयको गाडीमा प्रधानमन्त्री र उहाँको पछाडि उस्तै गाडीमा म र अन्य ४ जना जुनियर प्रहरी अधिकृत थियौं। प्रदर्शनकारीलाई चक्मा दिन (झुक्याउन) को लागि प्रधानमन्त्री र हामी चढ्ने गाडी उस्तै थियो, उहाँले पनि दौरा सुरुवाल, हामीले पनि दौरासुरुवाल लगाएका थियौं, फरक यत्ति थियो कि प्रधानमन्त्री चढ्नु भएको गाडीमा झन्डा थियो, हामी चढेको गाडीमा झन्डा राख्ने स्ट्याण्ड मात्रै।

हाम्रो गाडीको पछाडि डिआइजी प्रदिप शमशेर जबरा (पछि आइजीपी) सा'बको गाडी, त्यसपछि अन्य सुरक्षा निकायको गाडीको लस्कर। बिस्तारै गाडी बिराटनगरतिर लाग्दै थियो, परिस्थिति अनुसार हामी उच्च सतर्कता अपनाउँदै थियौं। यस्तै विराटनगरको बरगाछी चोक पुग्ने बेलामा सेटबाट खबर आयो, 'प्रदर्शनकारीले बरगाछी चोक पुरै ढाकेको छ, धेरैजसोको हातमा कालो झन्डासहित बाँसको भाटा लिएर नाराबाजी गर्दैछन्, त्यसैले त्यहाँबाट सवारी पार गराउन निकै गाह्रो छ।'

अब के गर्ने? भिडले बाटो पुरै ढाकेको बेला सवारीको गाडीको रफ्तार सुस्त हुन्छ, त्यस बखत प्रधानमन्त्री सवार गाडीमाथि आक्रमण हुनसक्छ। तब मेरो ध्यान प्रधानमन्त्री चढ्नु भएको गाडीमा फहराइरहेको झन्डामा पुग्यो, सोचें- हामी चढेको गाडी उस्तै उस्तै भएर प्रदर्शनकारी झुक्किए पनि गाडीमा फहराइरहेको राष्ट्रिय झण्डाको कारण प्रधानमन्त्री चढ्नु भएको गाडी चिनिन्छ र सबैको आक्रोश प्रधानमन्त्री चढ्नु भएको गाडीमा नै हुनेछ।

मैले सेटबाट प्रधानमन्त्रीको अंगरक्षक शाही नेपाली सेनाका क्याप्टेनलाई गाडी रोक्न भने, उहाँले यस्तो अवस्थामा किन गाडी रोक्ने?' भनेर मलाई सोध्नु भो। मैले 'तुरुन्तै रोक्नुस्न' भनेपछि गाडी रोकियो, म ओर्लिएर दौडिदै प्रधानमन्त्री चढ्नुभएको गाडीमा पुगे र प्रधानमन्त्रीलाई स्थिति बताउँदै 'झन्डाको कारणले हजुरको गाडी चिनेर प्रदर्शनकारीले आक्रमण गर्न सक्ने' कुरालाई ध्यानमा राखेर उहाँ चढ्नु भएको गाडीको राष्ट्रिय झन्डा निकाल्न अनुमति मागें, उहाँले 'मैले के गरेको छु र ? मलाई त्यस्तरी आक्रमण होला?' भनेर उल्टो मलाई नै सोध्नु भो।

त्यतिन्जेल सम्ममा के भयो? भन्दै हतारिएर डिआइजी साब अनि जिल्लाका एसपी सा'ब सिडिओ सा'ब पनि आइपुग्नु भो, मैले उही कुरा भने। मेरो कुरामा उहाहरुले सहमति जनाउनु भो। तर भद्र प्रधानमन्त्री अझै पनि सोध्दै हुनुहुन्थ्यो 'मैले के गरेको छु र? म माथि त्यस्तरी आक्रोश होला ? तपाईंहरू हुनुहुन्छ त्यस्तो केही हुँदैन' बरू हामी आत्तिएका थियौं, तर उहाँ शान्त अनि कस्तो आत्मविश्वास। हामी सुरक्षाकर्मीप्रति उहाँको कत्रो भरोसा। त्यसपछि उहाँले भन्नुभयो, 'हुन्छ अब जे गर्नुहुन्छ।'

हामीले झन्डा निकालेर सवारी अगाडि बढायौं। सवारी बरगाछी पुग्दा प्रहरी र प्रदर्शनकारीको दोहोरो भिडन्त भइरहेको थियो। हामीले साइड बाइ साइड गर्दै सवारी पार गरायौं, दुवै गाडीमाथि भाटा र ढुंगा प्रहार भयो तर त्यस्तो क्षति केही हुन पाएन।

हामीले पछि आपसमा कुरा गऱ्यौं, 'प्रधानमन्त्री कति शान्त अनि सुरक्षाकर्मी प्रति कत्रो भरोसा।' तीन दिनसम्म पूर्व क्षेत्रको भ्रमणमा रहँदा उहाँ राजविराज, धरानलगायतका कार्यक्रममा जानुभयो। ठाउँ ठाउँमा विरोध प्रदर्शन भइरह्यो, आफूमाथि त्यत्रो प्रहार भयो तर कही पनि उहाँ उत्तेजनामा आएको देखिएन। आफ्ना सुरक्षाकर्मीप्रति पूर्ण भरोसा राख्नुभएको थियो। सायद सरकारको नेतृत्वमा बसेका प्रधानमन्त्रीले ख्याल गर्नु भएको थियो होला, आफूले बोलेका कुराले कति फरक पार्छ सुरक्षाकर्मी, कर्मचारी अनि जनतामा भनेर।

अझ त्यसबखत (पछि माओवादी जनयुद्धको उत्कर्षकालमासमेत) प्रधानमन्त्रीको सुरक्षाको मुख्य जिम्मेवारी नेपाल प्रहरीले लिएको थियो। जहाँ डिएसपीको कमाण्डमा एक प्लाटुन प्रहरी, शाही नेपाली सेनाको क्याप्टेन (थर्ड क्लास अफिसर) को कमाण्डमा १ सेक्सन सैनिक र केही राष्ट्रिय अनुसन्धानका गुप्तचर। सम्पूर्ण सुरक्षा व्यवस्था यसैका आधारमा मिलाइएको थियो। अहिलेको जस्तो अगुवा पछुवा त सेरेमोनियल कार्यक्रममा जाँदा मात्र हुन्थ्यो। सुरक्षा थ्रेट बरू त्यसबखत पो थियो।

पछि शान्ति प्रक्रियासँगै पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा नेपाली सेनाको फूल कर्नेल (फर्स्ट क्लास अफिसर) को कमाण्डमा करिब १ कम्पनी सैनिक, डिएसपीको कमान्डमा नेपाल प्रहरीको १ कम्पनी प्रहरी अनि इन्स्पेक्टरको कमाण्डमा १ प्लाटुन भन्दा बढी सशस्त्र प्रहरीको टुकडी र राष्ट्रिय अनुसन्धान विभागका गुप्तचरको चौघेरामा प्रधानमन्त्रीले आफूलाई त्यस्तो असुरक्षित महशुश गर्नुपर्ने अवस्था देखिदैन।

सुरक्षाकर्मीको यत्रो संख्या भनेको सानोतिनो जिल्लाको सेना र प्रहरीको सम्पूर्ण संख्या बराबर हुन्छ। जसबाट १ लाख भन्दा बढी जनसंख्याको सुरक्षा व्यवस्था मिलाइरहेको हुन्छ।

जे होस्, आफ्नो प्रधानमन्त्रीको सुरक्षा व्यवस्था कुनै पनि देशको लागि अहम् कुरा हो। जब देशको प्रधानमन्त्रीले आफूलाई सुरक्षित महशुस गरेको हुँदैन, त्यो देशको सुरक्षा व्यवस्था मात्र होइन सम्पूर्ण व्यवस्थामाथि नै प्रश्न चिन्ह लाग्नसक्छ।

त्यति मात्र होइन दायाँ बायाँ नहेरी सरकार प्रमुखले बोलिदिँदा वरपर सबैतिर पर्नसक्ने दुरगामी प्रभावलाई कसैले नजरअन्दाज गर्न सकिदैन। अरू त अरू स्वयं आफ्नो सुरक्षा खतरा देख्ने प्रधानमन्त्रीले पनि गरेका हुन्नन्। अहिले प्रधानमन्त्रीले 'आफ्नो ज्यान तल माथि हुनसक्ने' कुरा बोल्नुभएझैं माथि उल्लेखित तत्कालिन प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला र मनमोहन अधिकारीले चाहीं सायद फरक तरिकाले सोच्नुभयो होला।

प्रधानमन्त्रीलेनै आफूलाई असुरक्षित महशुस गरेर सार्वजनिक रूपमा बोल्दै हिँड्ने हो भने अरू सर्वसाधारण जनताले आफूलाई कति सुरक्षित ठान्लान् ?' सेतोपाटीबाट

# उपचार खर्च जुटाउन समस्यामा परेकी खंगलाई सहयोग जुट्दै



**राजविराज**/उपचार खर्च जुटाउन समस्यामा परेकी राजविराज नगरपालिका १० दिघवाकी २५ वर्षिया निरसी खंगलाई अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सहयोग प्रदान गरेको छ।

इन्सेकद्वारा राजविराज नगरपालिकामा गठित मानव अधिकार निगरानी समूहले बैठक खर्चवापतको १ हजार ५ सय र कार्यसमिति पदाधिकारीबाट सहयोगस्वरुप उठाएको ४ हजार ५ सय गरी ६ हजार रुपियाँको प्रोटिनयुक्त खानेकुरा सहयोग गरेको सहजकर्ता दिपक यादवले जानकारी दिएका छन्।

निगरानी समूहका पदाधिकारीहरु अस्पताल पुगेर हर्लिक्स र फलफूलको जुसलगायतका सामाग्री उपलब्ध गराएको समूहकी कोषाध्यक्ष नानीमैया कटवालले बताइन्। बिरामीको स्वास्थ्य अवस्था बुझ्न् नियमित अस्पताल जाने र पाँच/पाँच दिनमा प्रोटिनयुक्त आहारा लिएर समूहका पदाधिकारी जाने व्यवस्था मिलाइएको पनि उनले बताइन्।

यसअघि युवा सशक्तिकरण संघ नेपाल सप्तरीका अध्यक्ष किशोर कुमार यादवले ३ हजार १ सय रुपैयाँ, बालाजी डेन्टल केयर प्रालिका निर्देशक विवेक झा र सबल नेपालका कार्यक्रम संयोजक परमेश्वर झाले अस्पतालमै पुगि १ हजार १ सयका दरले, पार्थो सरकारले १ हजार १ सय, नन्द किशोर गुप्ताले ५ सय, रामकृष्ण रजक तथा ओमप्रकाश यादवले १/१ सय आर्थिक सहयोग प्रदान गरेका थिए।

गरिबीका कारण उपचार खर्च जुटाउन नसक्दा जिवनमरणको दोसाधमा रहेकी निरसी गत माघ १३ गते चिसो छल्न बालिएको घुरबाट सल्केको आगोले जलेर गम्भिर घाइते भएकी छिन्। उनको हाल राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ।

ऐलानी जग्गामा बसोवास गर्दै आएका चार वर्षिय छोरीकी आमा खंग मजदुरी गरेर गुजारा चलाउँदै आएकी थिइन्।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# डाका र जालसाज मुद्दामा ५६ वर्षअघि फरार प्रतिवादी पक्राउ

**राजविराज**/५६ वर्ष अघि डाका र जालसाज मुद्दाका फरार एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरि कैद भुक्तानका लागि अदालतले कारागार चलान गरेको छ ।

पक्राउ पर्नेमा महादेवा गाउँपालिका वडा नं. १ बस्ने ७६ वर्षिय श्रीलाल यादव रहेका छन् ।

घरमै लुकीबसेको अवस्थामा यादवलाई गत आइतबार प्रहरीले सप्तरी जिल्ला अदालतमा उपस्थित गराएको थियो ।

अदालतको आदेशले सोही दिन कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

सप्तरी जिल्ला अदालतले २०२१ साल जेठ १९ गते जालसाज मुद्दामा ६ महिना तथा २०२३ साल भदौं ३ गते डाका मुद्दामा उनलाई १० वर्ष कैद सजाय फैसला गरेको थियो ।

फैसला लगत्तै फरार रहेका यादवलाई ५६ वर्षपछि घरमै लुकीबसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *आइएमई संचालक ...*

रहेको सबै सम्पत्ति समेत गोप्य ढंगले बिक्रि गरि आइएमईबाट विदेशका विभिन्न स्थानबाट पठाइएका रकम पनि हिनामिना गरेर फरार भएको र यसबारे गहिरो अनुसन्धान भइरहेको प्रहरीको भनाई छ ।

अनुसन्धानको क्रममा विदेशबाट पठाएको रकम आफन्तले लिन जाँदा तिन दिन अघि कतिपयसँग भुक्तानी लिएको रसिदमा सही छाप गराएको पाइएको छ ।

पीडित मध्येका विष्णुपुर गाउँपालिका ७ का बिन्देश्वर मण्डलले मलेशियाबाट छोरा प्रमोदले २ लाख १८ हजार रुँपैया पठाएको सुनाए । उनले रकम भुक्तानी लिन आउँदा कागजमा पहिले नै सही गराएपनि दुई दिनपछि आउन भन्दै भुक्तानी नदिएको गुनासो पोखे ।

त्यस्तै डाक्नेश्वरी नगरपालिका २ की लालो खतुनले बहिनीको विवाहका लागि छोराले कतारबाट आफ्नो नाममा पठाएको ९ लाख रुँपैया एक साता अघि नै भुक्तानी लिन आएकोमा विवाहको बेलामा लैजानु होला, पैसा यही सुरक्षित रहन्छ भन्दै दाजुभाईले आलटाल गरेका थिए । उनी पनि बुधबार रकम लिन आएपछि अफिस नै बन्द रहेको देखेपछि प्रहरी कहा पुगेकी थिइन् ।

यस्तै महदेवा गाउँपालिका २ का बिनोद मण्डल, श्यामादेवी मण्डल, बिष्णुपुर गाउँपालिकाका रामप्रित यादव, राजगढ गाउँपालिकाका दिनेश मण्डल, राजविराज ७ का श्रवण दास, डाक्नेश्वर नगरपालिका ५ का महेश महतो, सत्रुहन मण्डल लगायतका गरि २ करोड भन्दा बढी रकम भुक्तानी नपाएको भन्दै बुधबार प्रहरीमा उजुरी दिएका छन् ।

जग्गा कारोबारी समेत रहेका आइएमइ संचालक दुबै दाजुभाईले प्रयोग गर्ने मोबाइल नं. ९८०१५०००११ र ९८१५७१४५३५ लगातार स्विच अफ रहेको छ ।

### *राष्ट्रिय महिला ...*

पत्रकार सम्मेलनमा भारोतोलन संघका केन्द्रिय अध्यक्ष रामकृष्ण श्रेष्ठ महासचिव तिलक बहादुर राउत, संघका सल्लाहकार सूर्यनाथ यादव जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेल लगायतले पनि प्रतियोगिताबारे आवश्यक जानकारी गराएका थिए ।

त्यस्तै १८ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागी जिल्ला संघकै पहलमा स्थानियतह र विभिन्न संघ संस्था, व्यक्तीबाट उक्त सहयोग रकम जुटाईने ड्डस्जनाइएको छ ।

प्रतियोगिताका विजेता खेलाडीलाई कप, मेडल, कदरपत्रका साथै उत्कृष्ट खेलाडीको चयन गरी नगद पुरस्कार दिने तय भएको समेत जानकारी गराइएको छ ।

### *निर्माणदेखि ...*

नरन्तरको संघर्षबाट पनि आफ्ना गुनासा सुनुवाइ नभएपछि उनीहरु पनि निरास भएर पलायनको मानसिकतामा पुगेका छन् ।

प्रत्येक वर्ष ठूलो संख्यामा उत्पादन हुने नर्सिङ जनशक्ति पनि न्यून तलब, न्यून सेवा–सुविधा र सरकारी सेवामा थोरै जनशक्ति माग हुँदा विदेश पलायन भइरहेका छन् ।

सरकारका नीति तथा कार्यक्रमले दक्ष जनशक्तिलाई आफ्नो देशमा सेवा गर्न आकर्षण र्कशन गर्न नसकेको कारण नै ठूलो मात्रा दक्ष जनशक्ति पलायन भइरहेको कुरालाई नकार्न सकिँदैन । त्यसैले भन्न सकिन्छ कि, यो देशका अधिकांश स्वास्थ्यकर्मीको मनोबल गिरेको छ, पेसागत वितृष्णा जागेको र नकारात्मक मनोवैज्ञानिक असर पुगेको देखिन्छ ।

कहिले स्वास्थ्यकर्मी बीचको द्वन्द्व त कहिले राज्यले स्वास्थ्यकर्मीमाथि गरेको अवमूल्यन । यस्तो अवस्थामा हामीले खोजेको दिगो विकास लक्ष्य हासिल गर्न र विगतका उपलब्धिलाई संस्थागत गर्दै देशलाई समृद्धिको बाटोमा अघि बढाउन सकिएला त ? सबैले आत्मसमीक्षा गर्न जरुरी छ । भुल जनस्वास्थ्य निरीक्षक हुन् । स्वास्थ्य खबरबाट

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राख्ने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# अन्तर्राष्ट्रिय समाचार

## चीनले अरब लिगलाई कोभिड-१९ को खोप उपलब्ध गरायो

**कायरो**/चीनले अरब लिगलाई कोभिड-१९ का विरुद्धको खोप उपलब्ध गराएको जनाएको छ । बिहीवार चीन सरकारले अरब लिगलाई सिनोफार्म कम्पनीले निर्माण गरेको कोभिड-१९ विरुद्धको खोप अरब लिगको सचिवालयमा उपलब्ध गराएको हो ।

इजिप्टको कायरोमा रहेको अरब लिगको सचिवालयमा लगेर इजिप्टका लागि चिनियाँ राजदूतले सो खोप उपलब्ध गराउनु भएको प्राप्त समाचारमा जनाएको छ । इजिप्टका लागि चिनियाँ राजदूत लियो लिकियाङले सो कुराको जानकारी गराउनुभएको हो ।

त्यस अवसरमा उहाँले खोप उपलब्ध गराएसँगै यसबाट चीन र अरेबियाली देशका बीचको सम्बन्धमा नयाँ आयाम थपिने पनि उल्लेख गर्नुभयो । उहाँले यो अवस्थाले चीन र अरब विश्वको सम्बन्ध आगामी दिनमा थप बलियो बन्दै जाने धारणा पनि राख्नुभयो ।

उहाँले बहिरी विश्वमा जे जस्तोसुकै राजनीतिक अवस्था भए पनि चीन र अरब विश्वका देशबीचको सम्बन्ध राम्रो रहेको धारणा उहाँले राख्नुभयो ।

इजिप्टमा रहेको अरब लिगको सचिवालयमा एक विशेष समारोहको आयोजना गरेर खोप हस्तान्तरण कार्यक्रमको आयोजना गरिएको थियो । चीनले यसअघि पनि अरबका विभिन्न देशलाई सिनोफार्म कम्पनीको खोप उपलब्ध गराएको थियो । चीनले यसअघि पनि कोभिडको सङ्क्रमणको शुरुआतका समयमा पनि कतिपय अरब देशलाई स्वास्थ्य सामग्री उपलब्ध गराएको थियो । एजेन्सी

## जलवायु परिवर्तनको विरुद्धमा लड्न मोदीको आह्वान

**नयाँदिल्ली**/भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जलवायु परिवर्तनका विरुद्धमा लड्न सबैलाई आह्वान गर्नुभएको छ ।

त्यसका लागि दुई ओटा उपाय भएको उहाँको भनाइ छ । प्रधानमन्त्री मोदीले जलवायु परिवर्तनका विरुद्धमा लड्न नीतिगत व्यवस्था गरेर र मानवीय व्यवहार परिवर्तन गरेर लड्न सकिने बताउनुभयो ।

सेरा सप्ताह २०२१' लाई प्रमुख वक्ताको रुपमा भिडियोमार्फत् सम्बोधन गर्दै उहाँले जलवायु परिवर्तनका विरुद्धमा लड्नु सबैको साझा दायित्व भएकोमा पनि जोड दिनुभयो ।

"भारतले प्रकृतिक वायुको उत्पादन बढाउने र हानिकारक वायुको मात्रा घटाउने कार्य गरिरहेको छ," प्रधानमन्त्री मोदीले भन्नुभयो ।

अहिले छ प्रतिशत रहेकोमा आगामी सन् २०३० सम्ममा १५ प्रतिशत पुर्‍याउने लक्ष्य लिइएको पनि उहाँले जानकारी दिनुभयो । उहाँले जलवायु परिवर्तनका विरुद्धमा लड्ने सबैभन्दा बलियो उपाय भनेकै व्यवहार परिवर्तन भएको बताउनुभयो ।

"कतिपय त्यस्ता व्यवहारले जलवायु परिवर्तनलाई सहयोग गरेका छन्, हाम्रा कतिपय त्यस्ता परम्परागत वा अहिले गरिरहेका व्यवहारमा परिवर्तन आवश्यक छ," उहाँले भन्नुभयो । एजेन्सी

## कोभ्याक्स विश्वका २० देशमा दुई करोड मात्रा पठाइयो

**जेनेभा**/विश्वका २० देशमा कोभ्याक्सको कार्यक्रम अनुसारका खोप पठाइएको विश्व स्वास्थ्य संगठनले जानकारी दिएको छ । विश्व स्वास्थ्य संगठनले दिएको जानकारीअनुसार कोभ्याक्स कार्यक्रम अनुसारका करिब दुई करोड मात्रा खोप विश्वका विभिन्न २० देशमा पठाइएको छ ।

विश्व स्वास्थ्य संगठनले नेतृत्व गरेको कार्यक्रमअनुसार यो सहायताको खोप हो । यो कोभ्याक्सको मात्राका खोप विश्व स्वास्थ्य संगठनले अनुदान स्वरुप विश्वका देशलाई उपलब्ध गराउने गरी स्थापना गरेको कार्यक्रम हो ।

यी खोप यसै हप्ताको शुरुआतदेखि खासगरी अफ्रिकाका देशमा पठाइएको हो । यो अनुदानको खोप वितरण गर्ने कार्यक्रम खासमा घानाबाट शुरु भएको थियो ।

विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस आधनम गेब्रियसले सो कुराको जानकारी दिनुभएको हो । उहाँले आगामी हप्ता पनि यो खोप वितरणको कार्यक्रम रहेको बताउनुभयो ।

आगामी हप्ता पनि बढी जसो अफ्रिकी देशलाई नै यो खोप दिइने छ र आगामी हप्ता यो कार्यक्रम अन्तर्गतका करिब एक करोड ४० लाख मात्रा खोप अरु विभिन्न ३१ देशलाई उपलब्ध गराइने छ ।

खोप वितरण अहिले निकै सानो जनसंख्यामा रहेको तर यसलाई पछि बढाइने पनि उहाँले बताउनुभयो ।

उहाँले भन्नुभएको छ अहिलेसम्म त यो खोप विश्वका यो कार्यक्रम अनुसारका खोप वितरण गरिएका देशका दुईदेखि तीन प्रतिशत मात्र नागरिकलाई यो खोपको मात्रा पुगेको पनि उहाँले बताउनुभयो ।

विश्व स्वास्थ्य संगठनले विश्वमा खोप खरिद गर्न सक्ने अवस्था नरहेका अथवा खोपमा पहुँच नपुगेका गरिब देशलाई शुरुमा यो खोप अनुदानमार्फत् दिइने गरी वितरणको कार्यक्रम बनाएको बताएको छ । एजेन्सी

## पाकिस्तानमा विस्फोटमा परी पाँचको मृत्यु

**इस्लामावाद**/पाकिस्तानको दक्षिण पश्चिमी प्रान्त बलुचिस्तानमा शुक्रबार राति भएको विस्फोटमा परी पाँच जनाको ज्यान गएको छ भने अरु पाँच जना घाइते भएका छन् । सो स्थानको बाटोमा थापिएको धरापमा परी ती व्यक्ति मारिएका हुन् । त्यस विस्फोटमा परी एक सवारी साधनमा यात्रा गरिरहेका यात्रु मारिएका हुन् । उनीहरु यात्रा गरिरहेको सवारी साधन नै धरापमा परेको थियो । सो सवारी साधन उक्त सडकमा राखिएको धरापमा परेपछि विस्फोट भएको थियो । उक्त प्रान्तको बावर काँच जिल्लामा सो विस्फोट भएको उक्त जिल्लाका डेपुटी कमिशनर यासिर खानले जानकारी दिएका छन् । एजेन्सी

# लागु औषधसहित तीन पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले प्रतिबन्धीत लागु औषधसहित तीन जनालाई पक्राउ गरेको छ।

जिल्लाको सप्तकोशी नगरपालिका वडा नं. ७ बनिगाउ बस्ने २३ वर्षिय सरोज यादव, अग्नीसाईर कृष्णासबरण गाउँपालिका वडा नं. ६ बस्ने २३ वर्षिय सुनिल बोहरा र उदयपुर चौदण्डी नगरपालिका वडा न. ९ बस्ने २२ वर्षिय सरोज भण्डारी पक्राउ गरेको हो।

प्रहरीले यादवलाई सीमावर्ती भारतीय बजारबाट फर्कदै गरेका यादवलाई जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ स्थित मल्हनिया चौक नजिकै शंका लागि चेकजाँच गर्ने क्रममा निजको साथबाट लिजेसिस २६ थान, डाइजेल्याब ९ थान, डाइजेपाम ८ थान, फेनारग्रन २७ गरि ८० थान लागु औषध बरामद गरेको प्रहरीले जनाएको छ।

यस्तै बोहरा र भण्डारीलाई विशेष सूचनाको आधारमा प्रहरीले उनीहरुलाई तिलाठी कोईलाडी गाउँपालिका वडा न. ५ स्थित कुनौली ईनरुव सडक खण्डबाट पक्राउ गरेको हो।

पश्चिमबाट पुर्व तर्फ आउदै गरेको स.११ प २७४२ नम्बरको मोटरसाईकलमा जाँदै गरेको अवस्थामा पछाडी सवार सरोज भण्डारीसँग सो लागु औषध बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

उनीहरुका साथबाट नाइट्राभेट १० लेखिएको ट्याबलेट थान ३०, डाइजेपाल लेखिएको ३ एम्पुल, फेनाग्रन लेखीएको ३ एम्पुल, लुपेजेसिक लेखीएको एम्पुल ३ थान, सिरिन्च ३ थान र स.११ प.२७४२ नम्बरको मोटरसाईकल समेत बरामद भएको प्रहरीले जनाएको छ।

प्रहरीले पक्राउ परेका तीनै जनालाई सप्तरी जिल्ला अदालतबाट म्याद थप भई गराई थप अनुसन्धान कार्य अगाडी बढाएको प्रहरीले जनाएको छ।

# दुई चरणमा सप्तरीका जेष्ठ नागरिकलाई कोभिड १९ बिरुद्धको खोप

**राजविराज**/दोस्रो चरणको कोभिड १९ रोग विरुद्धको खोप सप्तरीका जेष्ठ नगरिकहरुलाई लगाउने भएको छ।

स्वास्थ्य कार्यालय सप्तरीले शनिबार आयोजना गरेको पत्रकार सम्मेलन मार्फत सो जानकारी दिइएको छ।

दुई चरणमा गरी जिल्लाको एक सय ६४ वटै वडाहरुबाट ६५ वर्ष भन्दा माथिका करिब ३१ हजार ४ सय ४२ जना जेष्ठ नागरिकहरुलाई खोप लगाउने कार्य सुरु हुने स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियाला यादवे जानकारी दिएका छन्।

उनका अनुसार फागुन २३ र २४ गते छिन्नमस्ता गाँउपालिका, राजगढ गाँउपालिका, बलान विहुल गाँउपालिका, विष्णुपुर गाँउपालिका, डाक्नेश्वरी नगरपालिका, बोदेवरसाईन नगरपालिका, खडक नगरपालिका, सुरुंगा नगरपालिका र शम्भुनाथ नगरपालिकामा जेष्ठ नागरिकहरुलाई खोपित गरिने छ।

त्यस्तै फागुन २८ र २९ गते राजविराज नगरपालिका, हुनमानगर कंकालनी नगरपालिका, कन्चनरुप नगरपालिका, सप्तकोशी नगरपालिका, अग्निसाइर कृष्णसवरन गाँउपालिका, महदेवा गाँउपालिका, तिरहुत गाँउपालिका, तिलाठी कोइलाडी गाँउपालिकामा खोप लगाइदै छ।

यस्तै महामारीको बेला अग्रपंतिमा रहेकाहरु स्वास्थ्यकर्मी, कर्मचारी, सेना, प्रहरी र पत्रकार लगायतले पहिलो चरणमा नै उक्त खोप लगाइसकेको उनले बताए।

जसमध्ये ३ हजार ७ सय ५४ जनालाई खोप लगाइने लक्ष्य रहेकोमा ९८ प्रतिशतले सो खोप लगाएका छन्। वर्तमान अवस्थामा पनि उक्त रोग सर्ने सम्भाबना रहि रहेको अबस्थाबाट बच्न भौतिक दुरी कायम गर्ने, साबुन पानिले मिचिमिचि हाथ धुने, मास्कको प्रयोग गर्ने र कार्यालय तथा घरहरुको सरसफाई राख्ने लगायतका कामहरु नियमित गरिरहुनु पर्ने प्रमुख यादवले सबैसँग आग्रह समेत गरे।

# जबरजस्तीकरणी मुद्दाका फरार अभियुक्त पक्राउपछि कारागार चलान

**राजविराज**/प्रहरीले जबरजस्तीकरणी मुद्दाका एक फरार अभियुक्तलाई पक्राउ गरि पूर्पक्षका लागि कारागार चलान गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको खडक नगरपालिका वडा न. ७ का २५ वर्षिया मो. समरुदिन मियाँ रहेका छन्।

मियाँले राजबिराज १९ की २१ वर्षिया यूवतीलाई फागुन १० गते जबरजस्तीकरणी गरि फरार रहेको प्रहरीले जनाएको छ।

फरार रहेका समरुदिनलाई प्रहरीले बुधबार पक्राउ गरि सप्तरी जिल्ला अदालतमा उपस्थित गराई शुक्रबार पुर्पक्षको लागी कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**

**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# बलात्कार घटनाका फरार आरोपित पक्राउ

**राजविराज**/ बलात्कार घटनाका फरार आरोपित सप्तरीको खडक नगरपालिका ७ कल्याणपुरका २५ वर्षीय एक युवकलाई प्रहरीले पक्राउ गरेको छ।

एक वर्षअघि २१ वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा फरार उनलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले पक्राउ गरेको हो।

उनीमाथि आवश्यक कारवाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद साहले जानकारी दिएका छन्।

आमासँगै जिल्ला प्रहरी कार्यालय पुग्नुभएकी पीडितले दिएको उजूरी जिल्ला प्रहरी कार्यालयले गत माघ ९ गते दर्ता गरेको थियो। खडक-६ स्थित पूर्वपश्चिम राजमार्गमा रहेको आँपका बगैंचामा विसं २०७६ फागुन १० गते आरोपितले बलात्कार गरेको पीडितले बताए।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*